# बैठक नं. ३९

## मितिः- २०७५ कार्तिक २८

## निर्णय नं.१

मिति २०७५/०४/३१ बैठक नं. ३४ को निर्णयानुसार यस नगरपालिकाको लोगो स्वीकृत गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गरिएकोमा कीर्तिपुर नगरपालिका वडा नं. १० स्थायी ठेगाना भएका श्री चिनीकाजी श्रेष्ठले डिजाईन गरेको संशोधन सहितको निम्न लोगो स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्णय नं.२

चालु आ.व. २०७५/०७६ को स्वीकृत **"मधुमेह र उच्च रक्तचापका बिरामीहरुलाई निशुल्क औषधि वितरण कार्यक्रम"** अन्तरगत कीर्तिपुर अस्पतालबाट प्राप्त **"कीर्तिपुर नगरपालिका र कीर्तिपुर अस्पताल बिच मधुमेह र उच्च रक्तचापका बिरामीहरुलाई निशुल्क औषधि वितरण कार्यक्रम व्यवस्थापन"** सम्वन्धि प्रस्तावलाई स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

## निर्णय नं.३

यस नगरपालिकाको लिलाम बिक्री समितिको प.सं. २०७५/०७६ च.न. ५६८ मिति २०७५/०७/०९ को प्रतिवेदन र सो साथ संलग्न जिन्सी निरीक्षण प्रतिवेदन अनुसार काम नलाग्ने/लिलाम बिक्री गर्नु पर्ने यस नगरपालिकाले खरिद गरेका, अन्य संघ संस्थाहरुबाट वस्तुगत अनुदानमा प्राप्त भएका र नेपाल सरकारका निकायहरुबाट प्राप्त भएका सवारी तथा यान्त्रिक साधनहरुको न्युनतम मुल्यांकन समेत स्वीकृत गरी ति साधनहरुको लिलामी बिक्री प्रकृया अगाडि वढाउने निर्णय गरियो ।

## निर्णय नं.४

यस कीर्तिपुर नगरपालिकाको काम कारवाहिलाई सरल, सहज र प्रभावकारी बनाउनका लागि देहाय बमोजिमका निर्देशिकाहरु उपर बृहत छलफल गरी स्वीकृत गर्ने निर्णय गरीयोः-

(1)कीर्तिपुर नगरपालिका क्षेत्रका सार्वजनिक सम्पत्तिको संरक्षण तथा व्यवस्थापन निर्देशिका, २०७५
(2)कीर्तिपुर नगरपालिका क्षेत्रको व्यवस्थित वस्ती विकास नियमन निर्देशिका, २०७५

## निर्णय नं.५

यस नगरपालिकाले लिदै आएको विभिन्न सेवा शुल्क, कर दस्तुरका सम्वन्धमा स्थानीय राजश्व परामर्श समितिको सिफारिसका आधारमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

(क) प्रचलित कानुन अनुसार नगर क्षेत्र भित्र सञ्चालित हरेक उध्योग, व्यापार पसल, पेशा व्यवसाय आदिले यस नगर कार्यपालिका कार्यालयमा व्यवसाय दर्ता गर्नु पर्नेमा केही पेशा व्यवसायीहरु नेपाल सरकारको सम्वन्धित निकायहरुमा मात्र दर्ता गरी सञ्चालनमा रहेका र धेरै वर्ष पछि मात्र नगरपालिकामा व्यवसाय दर्ता गर्न आवेदन गर्न दिने गरेको विषयमा छलफल गर्दा यसरी ढिला दर्ता गर्न आउने व्यवसायीहरुलाई हाललाई ३ वर्ष वा सो भन्दा पहिले देखिकोलाई वढिमा ३

बर्षको व्यवसाय कर (प्रचलित दरमा) र सो भन्दा घटी अवधिको लागि दर्ता अवधि देखि नै मिति कायम गरी प्रचालित दरमा व्यवसाय कर लिई व्यवसाय दर्ता गरिदिने निर्णय गरियो ।

(ख) व्यवसाय नविकरणको हकमा व्यवसाय नविकरण गर्दा चालु आर्थिक वर्षको व्यवसाय कर त्यही वर्षमा तिरेको खण्डमा सोही वर्षमा लागु गरेको व्यवसाय कर लागु हुने तर दुई वा दुई भन्दा वढि आ.व. को व्यवसाय नविकरण गर्दा चालु आ.व. को लागि कायम रहेको व्यवसाय कर वा दररेट मा नै कायम गरी व्यवसाय नविकरण गर्ने निर्णय गरियो ।

(ग) यस नगरपालिकामा गैर सरकारी संस्था दर्ता तथा नविकरण गर्ने क्रममा बहाल कर सम्वन्धि जुन सुकै अवस्थामा पनि बहाल कर सम्झौता वमोजिम नियमानुसार लाग्ने बहाल कर असुल गर्ने र वहाल कर सम्झौता नभएको हकमा प्रतिकोठा बहालको मासिक न्युनतम रु. २०००/- (अक्षरुपि रु. दुई हजार मात्र) लाई आधार मानी बहाल कर असुलि गर्ने निर्णय गरियो ।

(घ) यस नगरपालिका क्षेत्रभित्र सञ्चालित उध्योग, व्यापार पसल, पेशा व्यवसाय आदिको प्रचलित कानुन अनुसार व्यवसाय दर्ता, नविकरण आदिलाई सरल, सहज, र पेशा व्यवसायीहरुको पहुचमा पुऱ्याउनका लागि राजश्व शाखा प्रमुखको नेतृत्वमा सम्वन्धित वडा अध्यक्ष वा निजले तोकेको सदस्य र आवश्यकता अनुसार तोकिएको कर्मचारिको व्यवसाय कर संकलन टोलिवाट घर दैलो सेवा उपलव्ध गराउने र असुल भएको करको ५ (पाँच) प्रतिशत रकम प्रोत्साहन (खाना, खाजा, पारवाहन सुविधा आदि) स्वरुप कर संकलन टोलिलाई उपलव्ध गराउने समेत निर्णय गरियो ।

(ङ) यस नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाहरुले विभिन्न प्रयोजनका लागि नगरपालिका/वडाको सिफारिस वमोजिम वाटो खन्ने कार्यलाई व्यवस्थित गर्नका लागि नगरपालिकाले तपशिल बमोजिमका सडकहरुको विवरण अनुसार दस्तुर लिने निर्णय गरियो ।

<u>तपशिलः</u>

| क्र.स. | सडक विवरण | प्रति वर्ग मि. | |
|---|---|---|---|
| | | व्यक्ति | संस्थागत |
| १ | कालोपत्र (पिच) वाटो खन्ने कार्य | १५००/- | ३०००/- |
| २ | ढुंगा छापेको वाटो खन्ने कार्य | ७५०/- | १५००/- |
| ३ | ईटा/व्लक छापेको वाटो खन्ने कार्य | ७५०/- | १५००/- |
| ४ | ढलान गरेको वाटो खन्ने कार्य | ३०००/- | ६०००/- |

## निर्णय नं.६

यस नगर क्षेत्रका भौतिक पुर्वाधारहरुलाई मर्मत सम्भार गरी अध्यावधिक राख्नका लागि प्रत्येक वडामा तपशिल बमोजिम "**वडा स्तरीय पुर्वाधार मर्मत सम्भार समिति**" गठन गर्ने निर्णय गरियो ।

(क) वडा अध्यक्ष वा निजले तोकेको व्याक्ति - अध्यक्ष
(ख) वडा समितिले तोकेको १ जना (लाभग्राही मध्ये) - कोषाध्यक्ष
(ग) वडा समितिले तोकेको (कम्तिमा ३ देखि ७ जना) - सदस्य
(घ) सम्वन्धित वडाको प्राविधिक (पुर्वाधार क्षेत्र हेर्ने) - सदस्य
(ङ) वडा सचिव - सदस्य सचिव

- वडा क्षेत्र भित्र नगरपालिका वा अन्य कुनै निकायबाट निर्माण तथा हस्तान्तरण भई आएका पुर्वाधारहरु (सडक, ढल, सामुदायिक भवन, सिँचाई, कुलो आदि) को रु. १,००,०००/- (रु. एक लाख) सम्मको नियमित मर्मत सम्भार गर्ने दायित्व र अधिकार यस समितिलाई हुनेछ तर रु. १,००,०००/- (रु. एक लाख) भन्दा वढिको मर्मत कार्य वा नयाँ थप निर्माण कार्य गर्दा सार्वजनिक खरिद ऐन वा उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५ बमोजिम गर्नु पर्नेछ ।
- वडा समितिले (ग) मा उल्लेखित सदस्य तोक्दा कम्तिमा ३ (तिन) जना सदस्य छुट्टाछुट्टै उपभोक्ता समितिका पदाधिकारी (लाभग्राही)बाट तोक्नु पर्नेछ ।
- नगरवासीले निजि प्रयोजनका लागि खानेपानी, ढल, तथा अन्य कार्य गर्न सडक खन्नु पर्ने भएमा समितिले पुनः मर्मत गर्दा लाग्ने लागतको आधारमा धरौटी लिई तोकिएको कार्य सम्पन्न भएको ३५ दिन भित्र निवेदनकर्ताले निर्माण वा मर्मत नगरेमा सोही धरौटी रकमबाट गुणस्तरको सुनिश्चितता हुने गरी मर्मत कार्य गर्नु पर्नेछ ।
- मर्मत सम्भार सम्वन्धि प्रकृया वडास्तरीय बजेट परिचालन तथा कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७५ बमोजिम गर्नु पर्नेछ ।
- मर्मत सम्भार सम्वन्धि अभिलेख, लेखा तथा अन्य प्रशासनिक कार्य सदस्य सचिवले गर्नेछ भने प्राविधिक तर्फको कार्य सम्वन्धित वडाका प्राविधिकवाट हुनेछ ।
- मर्मत सम्भारको रकम खर्च गर्दा प्राविधिक पुष्ट्याई, लाभग्राहीको माग, अनुगमन प्रतिवेदनको आधार र आवश्यकतानुसार समितिले निर्णय गरेर मात्र पारदर्शी ढंगले खर्च गर्नु पर्नेछ तर ठेक्का बाट निर्माण भएका पुर्वाधारको हकमा नगरपालिकाको पुर्व स्वीकृति लिनु पर्नेछ ।
- समितिको छुट्टै खाता खोली अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतवाट सञ्चालन हुनेछ ।
- यो समितिबाट भएका मर्मत कार्यहरुको आन्तरिक लेखा परिक्षण र अन्तिम लेखा परीक्षण गराउने दायित्व नगरपालिकाको हुनेछ ।

## निर्णय नं.७

यस नगरपालिकाको काम कारबाही र सेवा प्रबाहलाई अझ वढि गुणस्तरीय र प्रभावकारी बनाउनका लागि सामान्य प्रशासन समितिबाट सिफारिस भै आए बमोजिम देहाय अनुसार शिर्षकबाट खर्च व्यहोर्ने गरी निम्नानुसार स्वयंसेवी (प्राविधिक १ तथा अन्य २) नियुक्त गरी कामकाज गराउने निर्णय गरियो ।

| सि.न. | पद | नाम थर | ठेगाना | मासिक निर्वाह खर्च | बेहोर्ने स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| क) | स्वयंसेवी ईन्जिनियर | श्री उपमा भुसाल | की.न.पा. १० | रु. १०,०००/- | कीर्तिपुर विकास परिषद् तर्फ विनियोजित | खाना तथा परिवहन खर्च बापत |
| ख) | स्वयंसेवी (कानुन) | श्री विन्दा कुमारी श्रेष्ठ | की.न.पा. १० | रु.१३,५००/- | MDVS कार्यक्रममा विनियोजित | |
| ग) | स्वयंसेवी (कीर्तिपुर विकास परिषद्) | श्री तारा महर्जन | की.न.पा. २ | रु. १३,५००/- | कीर्तिपुर विकास परिषद् तर्फ विनियोजित | |

## निर्णय नं. ८

स्वास्थ्य, वातावरण, वन, फोहोरमैला व्यवस्थापन समितिलाई कुनै व्यक्ति वा संस्थाबाट प्राप्त हुन आएको अनुदान रकम नगर प्रमुखको स्वीकृतिमा समितिको अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी

छुट्टै बैंक खाता खोली समितिको निर्णयानुसार सोहि प्रयोजनमा मात्र खर्च गर्न सक्ने गरि जिम्मेवारी दिने निर्णय गरियो। यो खातामा नगरपालिका तथा वडाको नियमित बजेटबाट रकम निकासा गरिने छैन । यो खातामा भएको रकमबाट कुनै कर्मचारी वा पदाधिकारीहरुलाई तलब भत्ता र अन्य सुविधा उपलब्ध गराईने छैन । यसरी खर्च गर्दा प्रचलित कानुन बमोजिम बिल भर्पाई संलग्न राखि नगरपालिकाबाट आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षण गराउने दायित्व सम्वन्धित समितिको हुनेछ ।

## निर्णय नं. ९

यस नगरपालिकाले असुल गर्दै आएको बहाल करलाई अझ व्यवस्थित र प्रभावकारी बनाउनका लागि यस नगरको मुख्य-मुख्य क्षेत्रहरुमा बहाल कर सम्वन्धि अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

## निर्णय नं. १०

कीर्तिपुर बास्केटबल एकेडेमीलाई कीर्तिपुर नगरस्तरीय आठौ अन्तर वडा पुरुष तथा महिला वास्केटबल प्रतियोगिता आयोजनाका लागि खेलकुद विकास कार्यक्रम अन्तरगत नगर खेलकुद विकास समिति मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन अनुदान शिर्षकबाट रु. ९०,०००/- (रु. नब्बे हजार मात्र) खेलकुद प्रतियोगिता सम्पन्न भै प्रगति विवरण प्राप्त भएपछि भुक्तानी दिने निर्णय गरियो ।

## निर्णय नं. ११

यस नगरपालिकाको सूचना तथा सन्देशमुलक विज्ञापनहरु चालु आ.व. २०७५/०७६ मा ईन्डिजिनियस मिडिया फाउन्डेसनद्वारा संचालित ईन्डिजिनियस टेलिभिजनमा प्रशारण गर्नका लागि रु. १,००,०००/- (रु. एक लाख मात्र) को परिधिभित्र रहि दुई पक्षीय सम्झौता गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १२

यस नगरपालिकाको सूचना अधिकारीमा सूचना प्रविधि अधिकृत श्री परशुराम चौलागाईलाई तोक्ने निर्णय गरियो ।